राक्सिराङ्ग गाउँपालिका

**गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर**

बैठक संख्या : ०७-०७९/०८०

मितिः २०७९/०९/२७ गते बुधबार

समयः विंहान ११:०० बजे

आज मिति २०७९ पुस २७ गते बुधबार विहान ११:०० बजे गाउँपालिका अध्यक्ष श्री राजकुमार मल्लको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो :

उपस्थितिः

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री बनस्तम थिङ | |
| ३ | सदस्य | श्री बाबी राम मुक्तान, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री बुद्ध राम मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री उत्तम वाइवा, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री हरि बहादुर प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री अकल बहादुर मोक्तान, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री राम बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री युसाई प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार वाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सुजता दमाई | |
| १३ | सदस्य | श्री सजिना मुक्तान नेपाली | |
| १४ | सदस्य | श्री शुशिला सुनार | |
| १५ | सदस्य | श्री शान्ता कुमारी अर्याल | सान्ता |
| १६ | सदस्य | श्री सिङ्गलाल प्रजा | |
| १७ | सदस्य | श्री चन्द्रमान प्रजा | |
| १८ | सचिव | श्री देव चन्द्र गर्तौला | |

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर
बैठक संख्या: ०७-०७९/०८०

मिति: २०७९/०९/२७ गते बुधबार
समय: बिहान ११:०० बजे

**निर्णय नं. १:**
गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समिक्षा गरि कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने ।

**निर्णय नं. २:**
न्यायिक समितिको तर्फबाट संयोजक श्री बनस्तम थिङ्गले पेश गर्नुभएको देहायको अर्धवार्षिक प्रतिवेदन अनुमोदनको लागि अध्यक्ष मार्फत सभामा पेश गर्न स्वीकृत गर्ने ।

नेपालको संविधानको धारा २१७ को कार्यान्वयनको लागी स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ४६ अनुसार राक्सिराङ्ग गाउँसभाले २०७५ सालमा न्यायिक समिति गठन भई हाल समितिको संयोजकमा उपाध्यक्ष श्री बनस्तम थिङ सदस्यहरुमा श्री हरि बहादुर प्रजा र श्री सजिना मुक्तान नेपाली रहनुभएको छ, भने न्यायिक सहजकर्तामा श्री डिना हिम्दुङ्गले कामकाज गरिरहेको छ भने १ देखि ९ वटै वडाहरुका ३ जनाको दरले २७ जना मेलमिलाप कर्ताहरुलाई पुन: गठन भएको छ ।

२०७९/०८० मा न्यायिक समिति समक्ष दर्ता भएको विवाद ५ वटा रहेका छन जस मध्ये ४ वटा विवाद दुवै पक्षको सहमतीमा मेलमिलाप प्रकृयाद्वारा मिलापत्र भएको छ, भने १ विवाद तारिखमा रहेको छ । दर्ता भएका विवादहरु कुटपिट सम्वन्धि १, लेनदेन सम्वन्धि ४ रहेको छ भने न्यायिक समितिको बैठक संख्या ६ वटा रहेका छन ।

त्यसै गरि राक्सिराङ्ग गाउँपालिकामा न्यायिक समिति अन्तर्गतको मेलमिलाप कर्ताहरुलाई २०७५ साल देखि हाल २०७९ असार मसान्त सम्ममा निरन्तर सुचिकृत गर्दै आईरहेकोमा हाल २०७९ माघ २३ गतेको न्यायिक समितिको निर्णय बमोजिम राक्सिराङ्ग गाउँपालिका वडा नं १ देखि ९ वटै वडाहरुबाट राक्सिराङ्ग गाउँपालिका मेलमिलाप कार्यसन्चालन कार्यविधि २०७७ संवत २०७७ सालको कार्यविधि नं ६० को दफा २४ अनुसार वार्षिक प्रतिवेदन न्यायिक समिति समक्ष पेश गर्ने सक्रिय मेलमिलाप कर्ताहरुलाइ यथावत रहने गरि तथा निष्क्रिय एवम नवनिर्वाचित जनप्रतिनिधिहरुको स्थानमा नयाँ मेलमिलाप कर्ताहरुको सिफारिस हुने गरि प्रत्येक वडाको को ३ जनाका दरले स्थानिय वडाको सिफारिसमा २७ जना मेलमिलाप कर्ताहरुहरुलाई कानुन अन्वेसण सेलर्ड द्वारा तालिम सन्चालन गरिने भन्ने न्यायिक समितिको निर्णय अनुसार मिति २०७९ पौष १७ गते देखि मिति २०७९ पौष २४ गतेसम्म ४८ घन्टे तालिम कार्यक्रम न्यायिक समितिको सहभागितामा सन्चालन गरिएको हो ।

जसमा बिवाद तथा द्वन्दको अवधारणा, बिवादका स्वरुपहरु, बिवाद समाधानका आधारभूत तथा वैकल्पिक उपायहरु, मेलमिलाप पद्धतिको प्रयोग तथा यसका फाईदाहरु, अन्तराष्ट्रिय तथा राष्ट्रिय सन्दर्भमा मेलमिलाप पद्धतिको प्रयोग, मेलमिलाप सम्बन्धि नेपालमा प्रचलित कानूनी तथा वैधानिक व्यवस्था, वार्ताका आधारभूत नियमहरुको सान्दर्भिकता तथा प्रयोगात्मक अभ्यासको साथै मेलमिलाप कर्ताहरुलाई मेलमिलाप प्रकृयाका चरणहरु, मेलमिलाप कर्ताको भूमिका तथा अडान र हित पत्ता लगाउनु पर्ने ईत्यादि कुराहरु तथा मेलमिलाप कर्ताले पालना गर्नु पर्ने आचार सहिताको बारेमा अधिवक्ता द्वारा प्रशिक्षण दिनुभएको थियो । यसबाट मेलमिलाप कर्ताहरुको क्षमता विकाश हुनुका साथै अन्याय र अत्याचारमा परेका व्यक्तिहरुको हितमा रहने गरि मेलमिलाप कर्ताहरुले दुवै पक्षको हित हित हुने गरि मिलापत्र गर्ने भनि अठोट लिएका छन् ।

अन्त्यमा राक्सिराङ्ग गाउँपालिकाको कुनै व्यक्तिहरु अन्यायमा परेका महिला, दलित, अपाङ्गता, द्वन्द पिडित गरीबीको रेखामुनी रहेका व्यक्ति लगायत विभिन्न वर्ग समुदाय अन्यायमा नपरुन र विना गल्ती र विना कसुर कुनैपनि व्यक्ति सजायको भागिदार बन्न नपरोस, सबैले निष्पक्ष न्यायको महसुस गर्न सकुन र सम्पुर्ण नागरिकले सम्मानपुर्वक बाच्न पाउने हक तथा मौलिक अधिकारको बारेमा जानकारी पाउन र न्यायिक समिति समक्ष आफ्नो समस्या खुलाई न्यायको महसुस गर्न सकुन भन्ने उद्येश्यका साथ न्यायिक समिति र मेलमिलाप कर्ताहरुले निष्पक्ष ढंगले प्रभावकारी न्याय सम्पादन गर्न गराउन सक्ने, सक्षम बनाउने तर्फ न्यायिक समिति एवं मेलमिलाप कर्ताहरुले निष्पक्ष ढगले तथा प्रभावकारी न्याय सम्पादन गर्न गराउन सक्ने, सक्षम बनाउने तर्फ न्यायिक समिति र गाउँपालिकाको विभिन्न कार्यक्रमका साथ अघि बढिरहेको छ र हालसम्म ९ वटै वडाका न्यायिक समिति अन्तर्गका निम्नानुसार मेलमिलापकर्ताहरु रहेका छन् ।

राक्सिराङ्ग गाउँपालिका न्यायिक समिति अन्तर्गतका ९ वटै वडाका मेलमिलाप कर्ताहरुको नामावली :

| सि नं | मेलमिलापकर्ताको नाम, थर | ठेगाना | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| १ | श्री प्रताप चेपाङ | राक्सिराङ्ग- १ | ९८५५०६९७१५ | |
| २ | श्री प्रेमलाल मुक्तान | राक्सिराङ्ग- १ | ९८४५५९९५३५ | |
| ३ | श्री मनिषा स्याङ्तान | राक्सिराङ्ग- १ | ९८१९२२७११८ | |
| ४ | श्री सुब बा.घलान | राक्सिराङ्ग- २ | ९८४५५९९५३१ | |
| ५ | श्री सविन लामा | राक्सिराङ्ग- २ | ९८४५२८७०६३ | |
| ६ | श्री टिका मायाँ राना | राक्सिराङ्ग- २ | ९७४५६५१७२९ | |
| ७ | श्री कविता बल | राक्सिराङ्ग- ३ | ९८४५६०४८१८ | |
| ८ | श्री चित्र बहादुर थिङ्ग | राक्सिराङ्ग- ३ | ९८४५१२६४७९ | |
| ९ | श्री थल बा. थापा | राक्सिराङ्ग- ३ | ९८४०१८८०८० | |
| १० | श्री विश्वलाल थिङ् | राक्सिराङ्ग- ४ | ९७४२२२४६१४ | |
| ११ | श्री कोपिला गोले | राक्सिराङ्ग- ४ | ९८४५१४९०२५ | |
| १२ | श्री राज नेगि | राक्सिराङ्ग- ४ | ९८६०११८८४९ | |
| १३ | श्री सुदिप प्रजा | राक्सिराङ्ग- ५ | ९८६०२२२१९० | |
| १४ | श्री बिमला बल | राक्सिराङ्ग- ५ | ९८६५०२५११९ | |
| १५ | श्री विपि मायाँ मुक्तान | राक्सिराङ्ग- ५ | ९८४९७०१२३२ | |
| १६ | श्री राजन तामाङ् | राक्सिराङ्ग- ६ | ९८४५६२७१९२ | |
| १७ | श्री चन्द्री मायाँ चेपाङ | राक्सिराङ्ग- ६ | ९७४४३४१५३८ | |
| १८ | श्री खुशीमायाँ तामाङ | राक्सिराङ्ग- ६ | ९८११८४८६८८ | |
| १९ | श्री काली बहादुर प्रजा | राक्सिराङ्ग- ७ | ९८१६४३०८५० | |
| २० | श्री जुनी मोक्तान | राक्सिराङ्ग- ७ | ९८४४२४८३०५ | |
| २१ | श्री रिखि मायाँ प्रजा | राक्सिराङ्ग- ७ | ९८४०१११८१५ | |
| २२ | श्री साजन पाखिन | राक्सिराङ्ग- ८ | ९८४०८२८११५ | |
| २३ | श्री यम कुमार प्रजा | राक्सिराङ्ग- ८ | ९८४३१२६४७१ | |
| २४ | श्री प्रमिला प्रजा | राक्सिराङ्ग- ८ | ९८४८३७६२७३ | |
| २५ | श्री सिंगलाल रुम्बा | राक्सिराङ्ग- ९ | ९८४५४२६३४४ | |
| २६ | श्री दल बा.प्रजा | राक्सिराङ्ग- ९ | ९८६४१४७९९४ | |
| २७ | श्री रुद्र कुमारी अर्याल | राक्सिराङ्ग- ९ | ९८६११८६१६५ | |

..............................

बनस्तम थिङ
न्यायिक समिति सयोजक,
राक्सिराङ्ग गाउँपालिका

**निर्णय नं. ३:**

यस गाउँपालिकाको आ.व. ०७७/७८ सम्म कायम रहेको बेरुजु कार्यपालिका मार्फत गाउँसभाबाट नियमित गराई फछ्यौंट गराउनको लागि विभिन्न मितिमा बसेको बेरुजु फछ्यौंट समिति र लेखा सिमतिको बैठकको निर्णय अनुसार निम्न बेरुजु खर्च नियमितको लागि गाउँसभामा पेश गर्ने ।

आर्थिक वर्ष २०७५/७६ बे.द.नं. ८० रकम रु ३,४०,०००/-

आ.व.२०७५/७६ मा वडा नं.७ वडा कार्यालय भवन निर्माण उपभोक्ता समितिले तत्कालिन समयमा भवन निर्माण कार्य सम्पन्न गरेर फरफारक गरेकोमा लेखा परीक्षण क्रममा उक्त समितिले पेश गरेको बील भर्पाई कागजात शिलसिलेवार नभई खर्च गरेको कागज प्रमाण नपुग भए जस्तो देखिएको तर सो समितिबाट योजना शाखामा पेश भएको डोर हाजिरी रु १,४९,३७५/- र बिल पेश गर्न नसकेको रु १,९६,०००/- कार्यालयको आन्तरीक राजश्व आय खाता गोश्वरा भौचर नं.१२ बाट मिति २०७८/०९/२० मा दाखिला गरेको प्रमाण पेश भई आएको हुँदा सरकारी हानी नोक्सानी नदेखिएकोले सम्पुर्ण प्रमाण कागजात सहित संलग्न राखि खर्च नियमितको लागि गाउँपालिका तथा गाउँसभा समक्ष अनुरोध गर्ने निर्णय गरियों ।

आर्थिक वर्ष २०७६/७७ बे.द.नं. १५ रकम रु ४३,७१,२६७/-

नदिजन्य पदार्थको सङ्कलन/उत्खनन गर्नका लागि स्वीकृत हुने IEE प्रतिवेदनले सङ्कलन उत्खनन गर्न सकिने दैनिक परिमाण, सङ्कलन गर्न सकिने समय (असार,श्रावण,भाद्र महिना बाहेक) उत्खनन विधि,प्रकृया आदिको व्यवस्था गरेको हुने हुनाले ती तथ्यहरु लाई बिचार गर्दै तथा ठेक्का प्रकृया बढाबढ आधारमा गरिने अवस्थामा दर र परिमाण तोकिएको अङ्कमा मात्र हुँदा प्रतिस्पर्धाको ठाउँनै नरहेको हुनाले सो को अभाव पुरा गरि प्रतिस्पर्धालाई बढावा दिन साथसाथै ठेक्का लाग्ने अवस्था सुनिश्चित गर्न छुटको व्यवस्था कायम गर्न राजश्व परामर्श समितिले सिफारिस गरेको हो । तर कार्यालयले निकासी गर्नै दिएको परिमाण १७६९५४६.८९ घन फिट दर रु ९/- प्रति घनफिटका हिसाबले हुन आउने कुल रु १५९२५९२२/- कायम गरी ठेक्का सुचना प्रकाशन गरेको हुँदा १० प्रतिशत प्रशासनिक खर्च तथा १५ प्रतिशत ओभरहेड वापत सुचनाबाट छुट दिएको छैन । ( राजश्व परामर्श समितिको सिफारिस बमोजिम परिमाण २३५९३९५.८६ घनफिटको दर रु ९/- प्रति घनफिटको हिसाबले रु २१२३४५६२.७४ हुन पर्नेमा न्युनतम अङ्क रु १५९२५९२२/- कायम गरिएको भए छुट दिई सुचना प्रकाशन गरेको मानिने थियो)

यसरी ठेक्का सकार गर्ने ठेकेदारले बोलकबोल गर्दा कार्यालयले तोकेको न्युनतम अङ्क भन्दा बढेर कबोल गर्दा कार्यालयमा बढी रकम दाखिला भएको हुनाले कार्यालयलाई हानी नोक्सानी भएको अवस्था नै नरहेको हुँदा उक्त बेरुजु नियमितको लागि गाउँपालिका तथा गाउँसभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. १३ रकम रु १०,७९,७१५/-

विद्यालयको माँगको आधारमा आवश्यक्ता अनुसार सेनेटरी प्याड एकमुष्ठ पालिकाबाट खरिद गरिएको हुँदा सम्बन्धीत विद्यालयमा अध्ययन गर्ने छात्राहरु लाई सोही विद्यालयबाट प्राप्त गर्न सजिले र सहज होस भनि तत् विद्यालयका प्रध्यानाध्यापकहरु लाई भरपाई गरी आ-आफ्नो विद्यालयको लागि आवश्यक संख्या एकिन गर्दै विद्यालयमा बुझाउने कार्य भएको हो । यसरी बुझाईएका सेनेटरी प्याड सम्बन्धीत छात्राहरुले आवश्यक्ता अनुसार प्रयोग गरेको भन्ने बुझिएको छ । यस्ता प्रकृतिका कार्यमा आगामी दिनमा कार्यालयबाट ध्यान पुर्याईने हुँदा यसबाट सरकारी हानी नोक्सानी भएको अवस्था नँभएकोले उक्त बेरुजु नियमितको लागि गाउँपालिका तथा गाउँसभा सभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. १४ रकम रु ६,००,०००/-

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि सामाग्री खरिद गरिएको श्री कालिका मा.वि.अठारेले कार्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण र गाउँपालिकाबाट अनुगमन गरेको प्रतिवेदन समेत प्राप्त हुन आएको र यसबाट सरकारी हानी नोक्सानी भएको अवस्था नभएकोले उक्त बेरुजु नियमितको लागि गाउँपालिका तथा गाउँसभा सभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. १५ रकम रु १८,००,०००/-

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको श्री सुर्योदय मा.वि.भवन निर्माण कार्य सम्पन्न भई सकेकोले कार्यसम्पन्न प्रतिवेदन र गाउँपालिकाबाट अनुगमन गरेको प्रतिवेदन समेत प्राप्त हुन आएको र यसबाट सरकारी हानी नोक्सानी भएको अवस्था नभएकोले उक्त बेरुजु नियमितको लागि गाउँपालिका तथा गाउँसभा सभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. २० रकम रु ३३,११,१४७/-

निर्माण कार्य ठेक्का मार्फत सञ्चालन हुँदा एवं उपभोक्ता समिति मार्फत सञ्चालन गर्दाका आ आफ्नै प्रकारका फाइदा एवं बेफाइदाहरू प्राप्त हुने नजिक एवं अनुभवहरू हाम्रा सामु रहेकै छ। उपभोक्ता समिति बाट कार्य गराउँदा उपभोक्ताको श्रमदान समेत प्राप्त गर्न सकिने अवस्था एकातिर छ भने प्रदेश सरकारका कार्यक्रम असार मसान्तसम्म सम्पन्न हुन नसक्दाको अवस्थामा म्याद थप गर्न श्रोत सुनिश्चिताको अभावले आयोजनाहरु लथालिङ्ग हुन पुगेका पनि छन्। ठेक्का प्रक्रिया लाग्ने लामो समयको प्रक्रियाबाट हुन सक्ने सम्भावित असर कम गर्न उपभोक्ता समितिबाट सञ्चालन गरिएको हो। उपभोक्ता समितिबाट काम गराउन सकिने स्ल्याब(६० लाख) सम्मको योजनाको परिधि भित्र रहेकोले संचालन गरिएको हो। दामराङ्ग रिन्चराङ्ग गुङ्गब्राङ्ग खानेपानी योजनाको कार्य सम्पन्न भई त्यस भेगका लाभग्राहीले प्रत्यक्ष उपभोग समेत गरि सकेको हुँदा सो कार्यबाट सरकारी हानी नोक्सानी भएको अवस्था नभएकोले उक्त बेरुजु नियमितको लागि गाउँपालिका तथा गाउँसभा सभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. २१ रकम रु १०,४९,१९२/-

प्रधानमन्त्री रोजगार कार्यक्रम आ.व. २०७७/०७८ मा यस राक्सिराङ्ग गाउँपालिकामा शसर्त अनुदान तर्फ युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाको रुपमा बजेट विनियोजन भएको र उक्त कार्यक्रम संचालनको लागि युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६ र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७७ कोरुपमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमले कार्यविधिहरु तयार पारी सोही अनुरुप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ। छ उक्त कार्यक्रम अन्तर्गतका आयोजना सञ्चालन गर्दा आयोजनामा काममा खटिने कामदारहरूको पारिश्रमिक सम्बन्धित कामदारको बैंक खातामा भुक्तानी गर्नुपर्ने र विनियोजित बजेट पारिश्रमिकमा मात्र खर्च गर्न पाउने व्यवस्था रहेको छ। यस कार्यक्रम आ.व. २०७५/७६ बाट शुरु भएको हो। सुरुका वर्षमा यस कार्यक्रम अन्तर्गतका योजनामा खटिने कामदारहरुलाई पारिश्रमिक भुक्तानी गर्दा मन्त्रालयले तोकेको ज्यालादर वा स्थानीय तहले निर्धारण गरेको ज्यालादर मध्ये जुनसुकै पनि दिन सकिने निर्देशन प्राप्त भएको थियो। आव २०७७-७८ का लागि कामदारको पारिश्रमिक मन्त्रालयले रु५१७ तोकेको थियो र यस राक्सिराङ गाउँपालिकाले सोहि वर्ष रु.६७५ निर्धारण गरेको थियो। आयोजनाको लागत अनुमान गर्दा पाविधिक कर्मचारीहरुलाई उक्त दररेटको स्पष्ट जानकारी नभएको र उक्त वर्ष प्राविधिक कर्मचारीहरु पनि प्राय नयाँ भएकोले मन्त्रालयले तोकेको ज्याला दर रेट अनुसार लागत अनुमान र मूल्याङ्कन गर्नुपर्ने भएपनि गाउँपालिका कै दररेटमा इस्टिमेट मूल्याङ्कन हुन गएको देखिन्छ। इस्टिमेट र मूल्याङ्कनमा ज्यालादर सोझै रु.५१७ वा रु.६७५ नदेखिने र उक्त कुराहरु प्राविधिक भाषा र अंकमा देखिने भएकोले कार्यालयबाट स्वीकृत दररेट अनुसार भुक्तानी भएको हो । रोजगार संयोजकले कामदारहरुको डोर हाजिर गराउँदा रु.५१७ कै दरमा गरेको देखिन्छ। केवल इस्टिमेट र मूल्यांकनको Analysis मा गा.पा. को दररेट रु.६७५ राखिएकोले झुक्किन गएको बुझिन्छ । पारिश्रमिक रकम सामाजिक सुरक्षा दिनुपर्ने अवस्थाका गरिब र बेरोजगारमा सूचीकृत भएका व्यक्तिहरुको बैंक खातामा सोझै भुक्तानी भएकोले अन्य कुनै पक्षको पनि स्वार्थ नदेखिएको र केही बढी मूल्याङ्कन हुने गएको रकम सुचिकृत बेरोजगार कामदार व्यक्तिहरुलाई गएको देखिन्छ । साथै उक्त आयोजनाहरुमा निर्माण सामग्री तथा अन्य उपकरणहरुमा खर्च गरेको नदेखिएको हुँदा यसबाट सरकारी हानी नोक्सानी भएको अवस्था नभएकोले उक्त बेरुजु नियमितको लागि गाउँपालिका तथा गाउँसभा सभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. २४.४ रकम रु १,२१,३५१/-

स्वास्थ्य सेवा सँग सम्बन्धित क्वारेन्टाईन सञ्चालन तथा व्यवस्थापन कार्यको लागि अस्पतालमा प्रयोग भएको जेनेरेटरमा प्रयोग भएको इन्धन खपतको लगबुक र भुक्तानी गरेको बील कार्यालयमा सुरक्षित रहेको हुँदा यसबाट प्रमाण पेश भएको बेरुजु फछ्यौंट/नियमितको लागि गाउँपालिका तथा गाउँसभा सभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. २४.५ रकम रु ३४,०००/-

कोभिड-१९ बाट आक्रान्त भई रहेको अवस्थामा परिस्थिति सहज नरहदा सामान्य रुपले तोकीएको पिपिई सेट सहजै प्राप्त गर्न सक्ने अवस्था नरहदा बढी मुल्यमा खरिद गरिएको भएता पनि पछि परिस्थिति सामान्य भएपश्चात प्रचिलित दरभाउ अनुसार खरिद प्रक्रिया बमोजिम नै खरिद गरिएको हुँदा सरकारी हानी नोक्सानी भएको नदेखिएकोले उक्त बेरुजु फछ्यौंट/नियमितको लागि गाउँपालिका तथा गाउँसभा सभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. २५ रकम रु ४०,२७,६७२/-

खानेपानी तथा विपद व्यवस्थापनको लागि खरिद भएका पाईप र जस्तापाता जस्ता सामाग्री पिउने पानी जडान भैपरी आउने विपद बाट पिडित भएकोहरु लाई तत्काल राहत दिनु पर्ने अवस्थामा लागत अनुमान गरि सम्बन्धितमा हस्तान्तरण भएको सामाग्री कार्यालयबाट विभिन्न मितिमा भएको अनुगमन अनुसार पनि दुरुपयोग नभई गरिब समुदायले प्रयोग गरिराखेको बुझिएको र यस्ता गतिविधि सञ्चालन हुँदा आगामी दिनमा कार्यालयबाट ध्यान पुर्याई व्यवस्थित गरिने हुँदा सरकारी हानी नोक्सानी भएको नदेखिएकोले उक्त बेरुजु फछ्यौंट/नियमितको लागि गाउँपालिका तथा गाउँसभा सभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. २६ रकम रु १२,६८,०००/-

खानी प्रभावित क्षेत्र भएको कारणले विद्यालय सेवा क्षेत्रको बस्ती नै स्थान्तरण भएको अवस्थामा श्री प्रा.वि.गिड्डु लाई श्री कालिका मा.वि.राक्सिराङ्ग ४ मा समायोजन गर्ने भनि गाउँ शिक्षा समितिले निर्णय गरेको र नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय बाट स्वीकृत सार्वजनिक विद्यालय समायोजन एंव एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ बमोजिम स्थानीय तह बाट विद्यालय समायोजन हुने कार्य भएको हो । उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पठन पाठनको लागि नजिकै पायक पर्ने विद्यालयमा भर्ना भई सकेको बुझिएको विद्यार्थीहरुको भविष्य माथि कुनै असर नपरेको बुझिएको हुँदा सो कार्यबाट सरकारी हानी नोक्सानी भएको अवस्था नभएकोले उक्त बेरुजु नियमितको लागि गाउँपालिका तथा गाउँसभा सभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. २८ रकम रु २१,०८,३८८/-

कार्यालयले नदिजन्य पदार्थको राजस्व संकलन गर्दा सवारी साधनको क्षमताको आधारमा नभई उक्त सवारीसाधनले बोकेको सामग्रीको परिमाणको आधारमा संकलन गरिने/गर्नुपर्ने यथार्थता यस अघि कार्यालयबाट बेरुजु प्रतिक्रिया पठाउँदा समेत उल्लेख गरिएको छ । (उदाहरणको लागि ४० सिटे बसमा २५ जना मात्र यात्रु सवार भए भन्दैमा ४० जनाकै भाडा प्राप्त हुनुपर्छ भनि आरोपित गर्न मिल्दैन भने जस्तै धारणा यसमा संलग्न पदाधिकारीहरुको रहेको रहेको छ ) । हाम्रो सन्दर्भमा खोला बगर क्षेत्रको उवड-खावड युक्त पहुँच मार्ग भै राजमार्ग क्षेत्रमा नदिजन्य सामग्री ओसार पसार गर्नु पर्दा तथा पहाडी क्षेत्रको उकालो ओरालो भुस्खंड भएको यस पालिका क्षेत्रका विभिन्न स्थानहरुमा नदिजन्य सामग्री पूर्ण क्षमतामा ढुवानी हुनै नसक्ने वास्तविकता आज पनि देख्न / जाँचबुझ गर्न/ अनुभव गर्न सकिन्छ। यस्ता वास्तविकताका विच कार्यालयले असुल गरेको राजस्व र सोको परिमाण विभिन्न उद्योग जारि भएका भ्याट बिल, चलान आदिले समेत पुष्ट्याइ गरेको अवस्थामा रहन्छ । तसर्थ उक्त बेरुजु बाट सरकारी हानी नोक्सानी भएको नदेखिएको हुँदा उक्त बेरुजु फछ्यौंट/नियमितको लागि गाउँपालिका तथा गाउँसभा सभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. ३० रकम रु १,३५,८७२/-

कार्यालय अन्तर्गतका विभिन्न वडा कार्यालयहरु निकै दुर्गम एवं बैंक /वित्तीय संस्था नभएको क्षेत्रमा समेत पर्नेभएको तथा राजस्व सङ्कलन गर्ने वडा सचिवले दैनिक रुपमा कार्यालय छाडी १०/१५ कि.मि. टाढा रहेको बैंकमा दाखिला गर्न आउने सम्भावना समेत कम भएको अवस्थामा केहि सहुलियत पूर्ण व्यवस्था हुनुपर्ने देखिन्छ। संकलित राजस्व जम्मा भैसकेको हुनाले तथा आगामी दिनमा प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन तर्फ कार्यालय पूर्ण प्रतिवद्ध रहने व्यहोरा अनुरोध गर्दै नियतवस नभै परिस्थिति जन्य कारण उत्पन्न अवस्थाको बेरुजु कायम भएको तथा उल्लेखित ऐनको दफा २८(२) को प्रतिबन्धात्मक वाक्यांश ऐन को दफ ८(३ र ४) को व्यस्था लाइ आत्मसाथ गरि बेरुजु सम्परीक्षण हुनु पर्ने देखिन्छ । तसर्थ आगामी दिनमा सुधार गर्दै लगिने हुँदा दाखिला भएको रकमबाट सरकारी हानी नोक्सानी भएको नदेखिएको हुँदा उक्त बेरुजु फछ्यौंट/नियमितको लागि गाउँपालिका तथा गाउँसभा सभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. ३१ रकम रु १,१८,९९,३६७/-

कार्यालयले नदिजन्य पदार्थको कर सङ्कलन गर्दा सवारी साधनको क्षमताको आधारमा नभई सवारी साधनले बोकेको नदिजन्य पदार्थको परिमाणमा मात्र कर सङ्कलन गर्ने हो । यस गाउँपालिकामा पक्की सडक राष्ट्रिय राजमार्ग वा यस्तै प्रकारका स्तरीय सडकको पहुँच छैन वर्षायाम बाहेका समयमा खोला क्षेत्रमा बन्ने खाल्डाखुल्डी हुन कच्ची सडक एवं उकालो ओरालोयुक्त कच्ची सडक भै ढुवानी गर्नु पर्ने अवस्था छ । १ ट्रिप सामाग्री खरिद गरी त्यसलाई २ वटा गाडी/ट्रयाक्टरमा अनलोड गरी पर्याउनु पर्ने अवस्था जहित्यही देख्न सकिन्छ । कार्यालयबाट ठेक्का बन्दोवस्त भएको अस्पताल भवन मनहरी चैनपुर सडक आदि जस्ता आयोजनाहरुमा आधा क्षमता सम्म ढुवानी गरि लगिरहेको अवस्था जहिले पनि देख्न सकिन्छ । यस्तो अवस्थामा सवारी साधनले मार नखाओस पदैल यात्री लगाएतलाई नदिजन्य पदार्थ झरेर दुर्घटना नपरोस भन्ने आशय र पुरा माल बोक्नै नसक्ने यथार्थ रहेको सन्दर्भमा भएका ढुवानी परिमाण बमोजिम नै कर सङ्कलन भै रहेको हुँदा घटी सङ्कलन गरेको भन्ने अवस्था नरहेकोले उक्त रकम सरकारी हानी नोक्सानी भएको नदेखिएको हुँदा उक्त बेरुजु फछ्यौंट/नियमितको लागि गाउँपालिका तथा गाउँसभा सभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. ३४ रकम रु १,०३,७८,०००/-

यस राक्सिराङ गाउँपालिका क्षेत्रको कुनै एक वडा वा स्थानमा मात्र चेपाङ जतिको जातिको बसोबास भई सबै ९ वटै वडाका निश्चित स्थानहरुमा सघन रूपले बसोबास गरेको अवस्था छ। (उदाहरणका लागि वडा नं १ को दुंगु, वडा नम्बर २ को कुडुले, वडा नं ३ को केराबारी, वडा नं.४ को बिगुटार, वडा नम्बर ५ को ठाडे चुरी, वडा नम्बर ६ को सिलिंगे, वडा नम्बर ८ को पाम्बुङ, वडा नम्बर ९ को राजाराङ्ग आदि) प्रस्तुत अवस्थामा गाउँपालिकाले ती सम्पूर्ण क्षेत्रमा भएको खानेपानी अभावलाई सम्बोधन गर्ने चेपाङ खानेपानी योजनाका नामले विशेष अनुदान को रुपमा माग गरिएको थियो, आयोजना माग गर्दा कुनै एक वडा वा क्षेत्रको रुपमा माग गरिएको थिएन, आफ्नो गाउँपालिका क्षेत्रभित्र तथा तोकिएका ती सीमान्तकृत चेपाङ वस्तीहरुमा नै आवश्यकता अनुसार खानेपानी आयोजनाका रुपमा सुविधा विस्तार गरिएको हुनाले मूल मक्सतबाट विमुख भै आयोजना टुका पारिएको भन्न सकिने अवस्था होइन बरु छरिएर रहेका सबै बस्तीहरुलाई समेटिएको एकमुष्ट मूल आयोजना (अर्थात् समग्र पालिका क्षेत्रलाई एउटा पूर्ण क्षेत्र मानि) रुपमा कार्यान्वयन गरिएको। त्यसैगरी आयोजनाको विभिन्न चरणहरु जस्तै built, operate, owned, maintanances र transfer आदि मध्ये Built एउटा चरण मात्र हो। बिशेष अनुदान सञ्चालन कार्यविधिको बुंदा ८(२) मामा उपभोक्त समितिबाट अपररेट हुने आयोजनामा खर्च गर्न पाइने छैन भनिएको छ built (निर्माण) कार्य ठेक्का बाटै गराउनु पर्छ वा उपभोक्ताले निर्माण गर्न पाउंदैनन दुवै स्पस्ट भनेको अवस्था देखिएको छैन। स्थानीय सरकार संचालन ऐन सम्बन्धि मूल कानुनहरुले प्रतिनिधि मुलक निर्माण कार्य ठेक्का प्रणाली मार्फत तथा श्रम मुलक एवं जनताको स्वामित्व हासिल गर्नु पर्ने प्रकारको आयोजना उपभोक्ता समिति बाट संचालन हुनुपर्ने

स्पस्ट व्यवस्था गरेको पाइन्छ । प्रस्तुत आयोजना कार्यान्वयन समबन्धमा कार्यालयबाट निकासा माग गरेको पत्र प्रगति प्रतिवेदन पेश गरेको प्रमाण विशेष शर्त अनुदान कार्यविधि भन्दा विपरित भएकोले अनुदान रोक्का गरिएको छ भन्ने खालको प्रतिक्रिया सङ्घीय सरकारबाट प्राप्त नभएको अवस्थालाई नेपाल सरकार बाट समर्थन प्राप्त भएको नै मान्नु पर्दछ भन्ने मान्यता पनि राख्न सकिने अवस्था एवं प्रस्तुत आयोजना संचालन हुँदा कुनै सरकारी हानि नोक्सानी नभएको सीमान्तकृत चेपाङ्ग समुदायले खानेपानी सुविधा प्राप्त गरि प्रस्तुत नाम अनुसार "चेपाङ्ग खानेपानी आयोजना " सफलता तर्फ उन्मुख भएको सन्दर्भमा यसबाट सरकारी हानी नोक्सानी भएको अवस्था नभएकोले उक्त बेरुजु नियमितको लागि गाउँपालिका तथा गाउँसभा सभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७७/७८ बे.द.नं. ३८ रकम रु ७,३९,७११/-

भान्जा टेक कन्स्ट्रक्सन एण्ड सप्लायर्सले आन्तरीक राजश्व कार्यालय हेटौडा प.सं.२०७९/८० च.नं.१११ मिति २०७९/०४/१२ गतेको पत्रबाट मु.अ.कर समायोजन भएको प्रमाण पेश गरेको हुँदा सो बेरुजु फछ्यौंटको लागि सम्बन्धितमा अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७६/७७ बे.द.नं. ४३ रकम रु १४,७५,२१५/-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ५(क) अनुसार भूमि व्यवस्थापन एवम् वर्गीकरण सम्वन्धी कार्य स्थानीय तहको अधिकारको विषय हो । भूउपयोग योजनाको अभावमा जग्गाको एकिकरण, वर्गीकरण, वस्ति विकास, स्थानीय स्तरमा अव्यवस्थित वसोवास व्यवस्थापन जस्ता कार्यहरु गर्न विलम्व भएकाले गाउँपालिकाले आफ्नै अग्रसरतामा सङ्घीय कानुनको प्रतिकुल नहुने गरी सो रणनीति तर्जुमा गरेकोले सो भुक्तानी रकमबाट कुनै हानी नोक्सानी नभएको हुँदा उक्त बेरुजु नियमितको लागि गाउँपालिका तथा गाउँसभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७६/७७ बे.द.नं. ४५ रकम रु ११,१८,८००/-

गाउँपालिकाको खाद्य तथा पोषण सुरक्षा रणनीति योजना तर्जुमा कार्य फियान नेपाल नामक गैरनाफामुलक गैरसरकारी सस्थासँगको साझेदारीमा सम्पन्न गरीएको हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ र २६ बमोजिम साझेदारी मोडेलमा कार्य गर्दा खाद्य तथा पोषण सुरक्षा रणनीति तर्जुमाको क्षेत्रमा अन्य उपयुक्त विकल्प नदेखिएकाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम ३(क) अनुसार कार्य सम्पन्न भएको हो । यसरी भुक्तानी गरिएको रकमबाट कुनै हानी नोक्सानी नभएको हुँदा उक्त बेरुजु नियमितको लागि गाउँपालिका तथा गाउँसभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७६/७७ बे.द.नं. ४९ रकम रु ३८,००,६०८/-

निर्माण कार्य ठेक्का मार्फत सञ्चालन हुँदा एवं उपभोक्ता समिति मार्फत सञ्चालन गर्दाका आ आफ्नै प्रकारका फाइदा एवं बेफाइदाहरु प्राप्त हुने नजिक एवं अनुभवहरू हाम्रा सामु रहेकै छ। उपभोक्ता समिति बाट कार्य गराउँदा उपभोक्ताको श्रमदान समेत प्राप्त गर्न सकिने अवस्था एकातिर छ भने प्रदेश सरकारका कार्यक्रम असार मसान्तसम्म सम्पन्न हुन नसक्दाको अवस्थामा म्याद थप गर्न श्रोत सुनिश्चिताको अभावले आयोजनाहरु लथालिङ्ग हुनपुगेका पनि छन्। ठेक्का प्रक्रिया लाग्ने लामो समयको प्रक्रियाबाट हुन सक्ने सम्भावित असर कम गर्न उपभोक्ता समितिबाट सञ्चालन गरिएको हो। उपभोक्ता समितिबाट काम गराउन सकिने स्ल्याब(६० लाख) सम्मको योजनाको परिधि भित्र रहेकोले संचालन गरिएको हो। उपभोक्ताले ठेक्का लगाएको प्रमाण कागजात भएको अवस्था होइन। सडक खन्ने कार्यमा मेसिनरी प्रयोग गर्न पर्ने भनि प्राविधिक राय बमोजिम प्रयोग गरिएको हो, मेसिनरी/ उपकरण उपभोक्ता समिति संग नभएको कारण भान्जा टेक कन्स्ट्रक्सनबाट भाडामा पप्राप्त गरिएको हो । उपभोक्ताको अंश उपभोक्ता समितिले पुरा गर्नु नै पर्ने भएकोले ठेक्का लगाइएको होइन । यसरी भुक्तानी गरिएको रकमबाट कुनै हानी नोक्सानी नभई विकास निर्माण कार्य भएको हुँदा उक्त बेरुजु नियमितको लागि गाउँपालिका तथा गाउँसभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७६/७७ बे.द.नं. ५२ रकम रु ७,००,०००/-

शारिरिक सुगठन सामाग्री व्यवस्थापन गर्न वडा स्तरीय बजेट विनियोजन भएको अवस्थामा वडास्तर मै रहेको युवाहरु लाई समेट्ने गरी गठन भएको भर्याङ्ग कालिका स्वास्थ्य युवाहरुको सञ्चालबाटै पहिचान हुन सक्ने सामाग्री खरिद हुन सक्छ कि भन्ने सकारात्मक आसयका साथ युवाका संगठित समुह लाई जिम्मेवारी दिएको हो । प्राप्त राय सुझाब लाई मनन गर्दै आगामी दिनमा कार्यालयको ध्यान केन्द्रीत हुने हुँदा यसरी भुक्तानी गरिएको रकमबाट कुनै हानी नोक्सानी नभई हाल सम्म पनि युवाहरुले उक्त सामाग्रीहरु प्रयोगमा ल्याईरहेको बुझिन आएको छ । तसर्थ उक्त बेरुजु नियमितको लागि गाउँपालिका तथा गाउँसभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

आर्थिक वर्ष २०७६/७७ बे.द.नं. ६७ रकम रु ३,०६,४५०/-

बोयर बोका वितरण तथा खोर व्यवस्थापनको कार्यक्रम सञ्चालनको कागजात लेखा परीक्षण समयमा सिलशिलेवार नभई मिसमास हुन गएकोले यकिन हुन अप्ठ्यारो भएको हो । उक्त कार्यक्रम माकलदमार कृषि तथा पशुपंक्षी समुहबाट सदुपयोग भएकै छ। अन्यत्रै जिल्लाबाट बोयर बोका नै खरिद गरी वितरण गरेको हो । बोयर बोका खरिद रु ९००००/- बाख्रा खरिद रु ३१५०००/- खोर व्यवस्थापन तथा सुधार रु २१३४००/- ओसार-पोसार खर्च रु १२०००/- समेत गरी जम्मा रु ६३०४००/- खर्च भएको बील भर्पाई कागजात कार्यालयमा सुरक्षित रहेको छ । उक्त कार्यक्रममा कार्यालयको तर्फ बाट रु ५०००००/- र समुहबाट रु १३०४००/- ब्यहोरिएको हो । यसरी खर्च भएको उक्त कार्यक्रम सम्पन्न भई प्रत्यक्ष लाभउन्मुख भएको हुँदा यस बाट कुनै सरकारी हानी नोक्सानी भएको नदेखिएकोले उक्त बेरुजु नियमितको लागि गाउँसभा समक्ष अनुरोध गर्ने ।

निर्णय नं. ४:

चालु आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रमको तपसिलको शीर्षकलाई गाउँसभाबाट अनुमोदन हुने गरी तपसिल अनुसार संशोधन गर्ने ।

तपसिल:

| सि.नं. | साविक योजना/बजेट शीर्षक विवरण | विनियोजित रकम रु. | संशोधन हुनुपर्ने योजना/बजेट शीर्षक विवरण | विनियोजित रकम रु. |
|---|---|---|---|---|
| १ | वडा कार्यालय रंगरोगन, राक्सिराङ्ग-५ | २,००,०००/ | ईन्चाराङ सडक बाटो निर्माण, राक्सिराङ्ग-५ | २,००,०००/ |
| २ | बुखुम कृषि सडक नाला निर्माण राक्सिराङ्ग- ५ | २,००,०००/ | मेग्याङराङ मेरेङती सडक मर्मत सम्भार-राक्सिराङ्ग-५ | २,००,०००/ |
| ३ | डांडा गाउँ स्लाब ढलान, राक्सिराङ्ग-५ | ५,००,००० | दानी घाट चौतारा सडक स्तरीकरण, राक्सिराङ्ग-५ | ५,००,००० |
| ४ | सौराडाडा आमडाडा निङ्गराङ्ग ट्रायक ओपन, राक्सिराङ्ग-२ | १०,००,००० | निङ्गराङ्ग आमडाडा सौराडाडा ट्रायक ओपन, राक्सिराङ्ग-२ | १०,००,००० |
| ५ | भाङ्गी महादेव मन्दिर हुदै थुम्की प्रा.वि जोड्ने सडक स्तरोन्नति राक्सिराङ्ग-२ | ३,००,००० | भाङ्गी महादेव मन्दिर हुदै थुम्की प्रा.वि जोड्ने सडक निर्माण राक्सिराङ्ग-२ | ३,००,००० |
| ६ | कुडुले ख्रीष्टियन मण्डली शौचालय भवन निर्माण राक्सिराङ्ग-२ | २,००,००० | कुडुले ख्रीष्टियन मण्डली मर्मत योजना राक्सिराङ्ग-२ | २,००,००० |

| | | | | |
|---|---|---|---|---|
| ७ | आधारभुत विद्यालय ठूलो टोड्के भौतिक पुर्वाधार निर्माण राक्सिराङ्ग-८ | ७,००,००० | श्री आधारभुत विद्यालय ठुलो टोड्के घेराबार तथा मर्मत राक्सिराङ्ग-८ | ७,००,००० |
| ८ | घ्याङ खोन्दावाङ पाम्बुङ तटबन्धन राक्सिराङ्ग-८ | ५,००,००० | पाम्पुङ खानेपानी मर्मत र ट्याङ्की निर्माण राक्सिराङ्ग-८ | ५,००,००० |
| ९ | औले खानेपानी ट्यांकी निर्माण, राक्सिराङ्ग-४ | १,५०००० | औले लापुर लिफ्ट खानेपानी योजना, राक्सिराङ्ग-४ | ९,५०,००० |
| १० | लापुर बृहत खानेपानी योजना, राक्सिराङ्ग-४ | ८,००,००० | | |
| ११ | भिमलटार किन्द्राङ्ग सडक निर्माण, राक्सिराङ्ग-४ | ९,००,००० | चमेरो खोला कोराङ्गधनी सडक स्तरोन्नति, राक्सिराङ्ग-४ | ९,००,००० |
| १२ | राम कुवा दुङगु सडक स्तरीकरण, राक्सिराङ्ग-१ | १०,००,००० | राम कुवा दुङगु सडक ट्र्याक ओपन, राक्सिराङ्ग-१ | १०,००,००० |
| १३ | वडा कार्यालय मर्मत सम्भार , राक्सिराङ्ग-१ | ३,००,००० | गौदान दुङगु काठेपुल निर्माण, राक्सिराङ्ग-१ | ३,००,००० |
| १४ | तिन दोभान खानेपानी इन्टेक निर्माण बिरालीटार, राक्सिराङ्ग-१ | ३,००,००० | तिन दोभान सिंचाई योजना, रुम्बा डाँडा, राक्सिराङ्ग-१ | ३,००,००० |
| १५ | चुन्डारा तौला चर्च भवन, राक्सिराङ्ग-७ | ५,००,००० | राङ्ग थान आयालोपान भिक्लुबाङ्ग खानेपानी योजना, राक्सिराङ्ग-७ | ५,००,००० |

**निणय नं. ५:**

आ.व २०८०/८१ को लागि संघीय तथा प्रदेश समपूरक/विशेष अनुदान अन्तर्गत यस गाउँपालिकाबाट संचालन हुने गरी देहायका आयोजना/कार्यक्रमहरु प्रस्ताव पेश गर्ने ।

संघीय समपूरक अनुदान तर्फ

| सि.नं | आयोजना/कार्यक्रमको नाम | अवधी | प्रस्तावित रकम |
|---|---|---|---|
| १ | भिम्बुङ्ग पर्यटन प्रवर्द्धन कार्यक्रम | १ वर्ष | १ करोड मात्र |
| २ | दामन डाँडावास खैराङ्ग काँकडा भण्डारा सडक अन्तर्गतको "चरिमारा गैजुराङ्ग कोखारी खण्ड " | ३ वर्ष | ५ करोड मात्र |
| ३ | सबै वडा कार्यालय भवन निर्माण | ३ वर्ष | १० करोड मात्र |
| ४ | दुइ चोकं डाँडा पर्यटन प्रवर्द्धन योजना | १ वर्ष | १ करोड |

संघीय विशेष अनुदान तर्फ

| सि.नं | आयोजना/कार्यक्रमको नाम | अवधी | प्रस्तावित रकम |
|---|---|---|---|
| १ | चेपाङ्ग स्वास्थ्य सुधार कार्यक्रम | १ वर्ष | १ करोड मात्र |
| २ | चट्याङ्ग जोखिम न्यूनीकरण आयोजना | २ वर्ष | २ करोड मात्र |

प्रदेश समपूरक अनुदान तर्फ

| सि.नं | आयोजना/कार्यक्रमको नाम | अवधी | प्रस्तावित रकम |
|---|---|---|---|
| १ | चैनपुर देवीटार पाङ्गथली सडक निर्माण | ३ वर्ष | ५ करोड मात्र |
| २ | किन्द्राङ्ग बुढा महादेव पर्यटन प्रवर्द्धन योजना | १ वर्ष | १ करोड मात्र |
| ३ | बाघमारा सुनारीसौरा सानोभावर नेवारपानी सडक निर्माण | ३ वर्ष | ५ करोड मात्र |
| ४ | चैनपुर बोटबारी परेवाभीर रतुवा सडक | ३ वर्ष | ५ करोड मात्र |
| ५ | चैनपुर बम्किम पन्जनी गिन्गु भिमलटार सडक | ३ वर्ष | ५ करोड मात्र |

प्रदेश विशेष अनुदान तर्फ

| सि.नं | आयोजना/कार्यक्रमको नाम | अवधी | प्रस्तावित रकम |
|---|---|---|---|
| १ | जीविकोपार्जन तथा खाद्य सुरक्षा कार्यक्रम | १ वर्ष | २ करोड मात्र |
| २ | लोजा रागिरेप पार्सिवाङ्ग चेपाङ्ग वृहत्तर खानेपानी योजना | २ वर्ष | २ करोड मात्र |

**निर्णय नं. ६**

(क)यस गाउँपालिकाको वहुवर्षीय योजना अन्तर्गत ठेक्का नं Procrument of Upgrading of Devitar Pangthali Sadak (RAK/ROAD/NCB-3/78/79) को लागि श्री शिखर इन्जीनियरिङ्ग कम्पनी प्रा.लि संग भएको सम्झौता अवधी समाप्त हुन लागेको र म्याद थपको लागि निवेदन प्राप्त भएको हुँदा पहुँचमार्गको अभाव तथा साईट भेरिफिकेसनमा समस्याको कारण कार्य सम्पन्न हुन नसकेकोले सो ठेक्काको म्याद २०८० जेष्ठ मसान्त सम्म थप गरी कार्य गराउनको लागि कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

(ख) चालु आ.व. का लागि यस गाउँपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रमहरुको उपभोक्ता समिति सँग सम्झौता हुने अन्तिम मिति २०७९ माघ १० गते सम्म थप गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. ७ (विविध):**

(क) सूर्योदय मा.वि. (प्राविधिक शिक्षालय), राक्सिराङ्ग-३, पलाँसे, मकवानपुरको प.सं. ०७९/०८० च.नं. ८१ मिति २०७९/०९/२४ को प्राप्त पत्रानुसार मदन भण्डारी स्पोर्ट्स एकेडेमी, हेटौडा, मकवानपुरको आयोजनामा मिति २०७९ पुस २९ र ३० गते सन्चालन हुने जिल्ला स्तरिय शिक्षक भलिबल रनिङ शिल्ड प्रतियोगितामा सहभागि हुन आवश्यक रकम सहयोग माग भई आएकोमा चालु आ.ब. को युवा तथा खेलकुद कार्यक्रम शिर्षकबाट रु. ५०,०००/ (पचास हजार) सहयोग उपलब्ध गराउने ।

ख) यस गाउँपालिका अन्तर्गत संचालित श्री कालिका माध्यामिक विद्यालय, राक्सिराङ्ग ९ मा छात्रावासको अभावका कारण विद्यार्थीको अध्ययन अध्यापन कार्यमा कठिनाई भैरहेको कारण साविक जिल्ला विकास समितिको मौज्दात कोषमा रहेको रकमबाट छात्राबास भवन निर्माणका लागि जिल्ला समन्वय समिति मकवानपुर समक्ष माग पेश गर्ने ।

ग) राक्सिराङ्ग गाउँपालिकाको वडा नं ४ को भवन निर्माण प्रकृया अगाडी बढाउनका लागि तत्काल ठेक्का प्रकृया अगाडी बढाउने तथा वडा नं ३ को कार्यालय भवन मर्मत सम्भारका लागि समेत आवश्यक प्रकृया अगाडी बढाउनका लागि कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

(घ) यस राक्सिराङ्ग गाउँपालिका अन्तर्गत वडा नं. ५ ठाडेचुरिमा आयुर्वेद भवन निर्माणका लागि लागत अनुमान बमोजिमको रु. तीन करोड चालिस लाख रुपैयाँ संघ तथा प्रदेश सरकार सँग माग गर्ने।

(ङ) चेपाङ र तामाङको बाहुल्य रहेको यस गाउँपालिकामा एक मात्र आधारभूत अस्पतालको रुपमा रहेको राक्सिराङ्ग ५ स्थित ठाडेचुरीमा संचालित राक्सिराङ्ग आधारभूत अस्पतालका सेवाग्राहीहरु सीमान्तकृत समुदायबाट आर्थिक, सामाजिक दृष्टिकोणले पछाडी परेका र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेकाले उनीहरुको समुदायमै आधारभुत सुविधा सम्पन्न अस्पताल संचालन गर्न आवश्यक वेड, डिजिटल एक्स रे मेसिन लगायतका मेडिकल सामग्रीहरुको व्यवस्थापनका लागि अस्पताल व्यवस्थापन समितिबाट माग भई आएकोले सोको लागि स्वास्थ्य सेवा विभाग, टेकुलाई अनुरोध गर्ने।

**उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत निर्णय गरियो ।**

| | | | |
|---|---|---|---|
| ..........<br>(सुजता दमाई)<br>कार्यपालिका सदस्य | ..........<br>(सजिना मुक्तान नेपाली )<br>कार्यपालिका सदस्य | ..........<br>(शुशिला सुनार)<br>कार्यपालिका सदस्य | ..........<br>(शान्ता कुमारी अर्याल)<br>कार्यपालिका सदस्य |
| ..........<br>(सिङ्गलाल प्रजा)<br>कार्यपालिका सदस्य | ..........<br>(चन्द्रमान प्रजा)<br>कार्यपालिका सदस्य | ..........<br>(बाबी राम मुक्तान)<br>वडा अध्यक्ष | ..........<br>(बुद्ध राम मुक्तान)<br>वडा अध्यक्ष |

| | | | |
|---|---|---|---|
| ............................<br>(उत्तम वाइवा)<br>वडा अध्यक्ष | ............................<br>(संजय कोइराला)<br>वडा अध्यक्ष | ............................<br>(हरि बहादुर प्रजा)<br>वडा अध्यक्ष | ............................<br>(अकल बहादुर मोक्तान)<br>वडा अध्यक्ष |

| | | |
|---|---|---|
| ............................<br>(राम बहादुर प्रजा)<br>वडा अध्यक्ष | ............................<br>(युसाई प्रजा)<br>वडा अध्यक्ष | ............................<br>(राम कुमार वाल्वा थिङ)<br>वडा अध्यक्ष |

| | |
|---|---|
| ............................<br>(बनस्तम थिङ)<br>उपाध्यक्ष | ............................<br>(राजकुमार मल्ल)<br>अध्यक्ष |